

# ठोस वस्तु

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# ठोस वस्तु

**नताशा भिजकारा**

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र

ढुङ्गा, कागज र माटो सबै ठोस वस्तु हुन् ।








ढुङ्गा ठोस वस्तु हो । यसको आकार हुन्छ ।



इँटा, कलम र गिलास पनि ठोस वस्तु हुन् ।
यिनीहरूको पनि आकार हुन्छ ।









कागजको टुक्रा पनि ठोस वस्तु हो ।
यसलाई जति काटे पनि नयाँ आकार बनिरहन्छ ।







चिजको टुक्रा पनि ठोस वस्तु हो ।
यसको पनि आकार हुन्छ ।





माटो पनि ठोस वस्तु हो ।
यसलाई जुन आकार पनि दिन सकिन्छ ।



पिठो पनि ठोस वस्तु हो ।
यसलाई पनि आकार दिन सकिन्छ ।





बालुवाको कण पनि ठोस वस्तु हो ।
यसको पनि आकार हुन्छ ।





# पाठकका निम्ति प्रश्नहरू

१. ठोस वस्तुबाट तिमीले के के गर्न सक्छौ ?

२. ठोस वस्तु र तरल वस्तुमा के के फरक छन् ?

३. ठोस वस्तुका लागि के के विशेषण प्रयोग गर्न सकिन्छ ?

४. वरिपरि हेर र ठोस वस्तुहरूको नाम भन ।